आज मिति २०८१।०७।०७ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आ. व. २०८१/०८२ को चौथो बैठक तपशिलका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी<br>(प्र.वा. बलराम मगर) | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री **मोहन कुमार राई** - सूचना अधिकारी - ९८५२८४४०७३

CamScanner

प्रस्तावहरु:-

१) नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) को ठेक्का लगाउने सम्वन्धमा।

२) ब्याडमिन्टन प्रतियोगिताको लागि आर्थिक सहायता सम्बन्धमा।

३) विपद (बाढी / पहिरो) व्यबस्थापन तथा पिडितलाई आर्थिक सहायता सम्बन्धमा।

४) घ बर्गको इजाजत पत्र सम्बन्धमा।

५) नम्वरी/ निजी जग्गाको IEE स्वीकृत सम्वन्धमा।

६) विपत पिडित (घरमा आगलागी) लाई आर्थिक सहायता सम्बन्धमा।

७) खानेपानी व्यबस्थापन सम्बन्धमा।

८) त्रियुगा नदीमा होम पाईप लगाई ग्राभेल गर्ने सम्बन्धमा।

९) विविध

क) मौलो पुजा खर्च सम्बन्धमा।

ख) बाटो मर्मत र सिंचाई कुलो मर्मत सम्बन्धमा।

ग) चाड पर्वको लागि आर्थिक सहायता सम्बन्धमा।

घ) चौ. न. पा. -७ दुर्गा मन्दिर रंगरोगनको लागि आर्थिक सहायता सम्बन्धमा।

ङ) अस्थाई डम्पिङ साईट चौ. न. पा. ६ निर्माण सम्बन्धमा।

च) विज्ञापन कर सम्बन्धमा।

छ) अपाङ्गता परिचय पत्र वितरण समन्वय समिति पुनर्गठन सम्वन्धमा।

ज) नगर अस्पतालमा मृतक परिवारको माग सम्बन्धमा।

झ) व्यायमशालाको बजेट बाँडफाड सम्बन्धमा।

ञ) चौ. न. पा. -३ हर्क राईको घर अगाडि कल्भर्ट, बाटो ग्राभेल सम्बन्धमा।

ट) भिमसेन थान मन्दिर मर्मत सम्बन्धमा।

ठ) जस्तापाता उपलब्ध गराउने सम्बन्धमा।

ड) चौ. न. पा.वडा नं. ६ मा रहेको व्यामशाला सम्बन्धमा।

## निर्णयहरुः

१) नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) को ठेक्का लगाउने सम्वन्धमा।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम यस चौदण्डीगढी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन परीक्षण कार्यविधि २०७७, बमोजिम नगर कार्यपालिकाको कार्यालयले प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदन (IEE Report)मा स्वीकृत भएका स्थानहरुबाट ढुङ्गा,गिट्टी,वालुवाको संकलन तथा विक्रि शुल्क असुल गर्न कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८१ र को (दफा ७ को उपदफा (१) सँग सम्बन्धित अनुसूची -६ र पालिकाको आर्थिक ऐन,२०८१ बमोजिमको दररेटमा तपसिल बमोजिमको खोला,नदी, नालाहरुमा ढुङ्गा,गिट्टी,वालुवाको संकलन तथा विक्रि शुल्क उठाउने ठेक्का बन्दोबस्त गर्न इच्छुक फर्म वा कम्पनीहरुलाई तपसिल बमोजिमको ठेक्का र परिमाण कायम गरी रीतपूर्वककको (बढाबढ) विद्युतिय बोलपत्र आव्हानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल :-

चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र खोला तथा नदीहरुवाट उत्खननगरिने नदीजन्य पदार्थको विवरण:

| बोलपत्र न./सूचना/ठेक्का न. | सि.न. | खोला तथा नदीको नाम | ढुङ्गा, घ.मि. | ग्राभेल घ.मि. | वालुवा घ.मि. | जम्मा परिमाणघ.मि. | न्यूनतमकबोल अंकरु.(मु.अ.कर.वाहेक) (धरौटि रकम कबोल अंकको ५ प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| आय ठेक्का नं. ०१/०८१/८२ वालुवा | १. | त्रियुगा खोलावडा५ (१) | ० | ० | ११,००० | ११,००० | २३,३०,४६०/-(अक्षरूपी तेइस लाख तीस हजार चार सय साठ्ठी रूपैयाँ) |
| | २. | त्रियुगा खोलावडा५ (२) | ० | ० | १२,४८० | १२,४८० | २६,४४,०१३/- (अक्षरूपी छव्वीस लाख चौवालिस हजार तेह् रूपैयाँ) |
| | ३. | त्रियुगा खोला वडा९ (३) | ० | ० | ३,००० | ३,००० | ६,३५,५८०/- (अक्षरूपी छलाख पैत्तिस हजार पाँच सय असीरूपैयाँ) |
| | ४. | त्रियुगा खोला वडा न.१० (४) | ० | | ४,००० | ४,००० | ८,४७,४४०/- (अक्षरूपी आठ लाख सड्चालिसहजार चारसय चालिस रूपैयाँ) |
| | ५. | हडिया/मुसर्नियाखोंला वडा ९ | ० | ० | ५,००० | ५,००० | १०,५९,३००/- (अक्षरूपी दश लाख उन्साठ्ठी हजार तीनसयरूपैयाँ) |
| | ६. | सिवाई खोला वडा ५ | ० | ० | १०,००० | १०,००० | २१,१८,६००/- (अक्षरूपी एक्काइस लाख अठार हजार छसयरूपैयाँ) |
| | ७. | घेर खोला वडा ५ | ० | ० | २,००० | २,००० | ४,२३,७२०/- (अक्षरूपी चार लाख तेइस हजार सातसय वीस रूपैयाँ) |
| | जम्मा | | | | | ४७,४८० | १,००,५९,११३/- (अक्षरूपी एक करोड उन्साठी हजार एकसय तेहूपैयाँ) |
| बालुवाको ठेक्का तर्फ सि.न. १ देखि ७ सम्म एकमुष्ट वा कुनै एक क्षेत्र वा एक भन्दा बढी क्षेत्रमा आंशिक रुपमा पनि बोलपत्र कबोल गर्न सकिनेछ। | | | | | | | |
| आय ठेक्का नं. ०२/०८१/८२ ग्रावेल/ढुङ्गा | १. | लामाखोला २ र ४ | ३,१६३ | ९,८३७ | ० | १३००० | ४५,७२,६४५/-(अक्षरूपी पैतालिस लाख बहत्तर हजारछ सय पैतालिसरूपैयाँ) |
| | २. | करम्जे खोला | ७०८ | १,२९२ | ० | २००० | |
| | ३. | देवधार खोला | १२०० | २३०० | ० | ३५०० | |
| | जम्मा१८,५०० | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आय ठेक्का नं. ०३/०८१/८२ ग्राभेल/ढुङ्गा | १. | द्वार खोला ५ | ० | ५,००० | ० | ५,००० | २४,७१,७००/- (अक्षरूपी चौविस लाख एकत्तरहजार सात सयरूपैयाँ) |
| | २. | द्वार खोला ६ | ० | ५,००० | ० | ५,००० | |
| | जम्मा | | | | | १०,००० | |
| आय ठेक्का नं. ०४/०८१/८२ ग्राभेल/ढुङ्गा | १. | द्वार खोला ७ | ० | १२,००० | ० | १२,००० | ४६,९६,२३०/- (अक्षरूपी छयालिस लाख छयानव्वे हजार दुईसय तिसरूपैयाँ) |
| | २. | द्वार खोला८ | ० | ७,००० | ० | ७,००० | |
| | जम्मा | | | | | १९,००० | |

२) ब्याडमिन्टन प्रतियोगिताको लागि आर्थिक सहायता सम्बन्धमा।

बेल्टार ब्याडमिन्टन क्लवले दोस्रो जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगिता, २०८१ चौदण्डीगढी नगरपालिकामा गराउन आर्थिक सहयोग माग गरेकोमा दोस्रो जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगिता, २०८१ सञ्चालन गर्नको लागि यस नगरपालिकाबाट विनियोजित बजेट शिर्षक कार्यक्रम खर्च बाट रु. १५००००।– (एकलाख पचास हजार) उपलब्ध गराउने सर्व सहमती निर्णय गरियो।

३. विपद (बाढी / पहिरो) व्यबस्थापन तथा पिडितलाई आर्थिक सहायता सम्बन्धमा।

मिति २०८१ साल असोज १० र ११ गते परेको अविरल बर्षाका कारण सुनकोशी नदीमा आएको बाढिले यस नगरपालिका अन्तर्गत ८ नं. वडा अन्तर्गत चमेरे पुलको २ घर र वाईतुङ्का १ घर , १ नं वडा अन्तर्गत बंशिला घाटमा १० घरमा क्षती पुर्याएको, बगाएको साथै चौ. न. पा. -१ मा नै पहिरोले २ घरमा क्षति पुर्याएको र विकास मगरको घरमा आगलागी भएकोले उक्त घर परिवारहरुमा तत्काल तपशिलका राहात सामाग्रीहरु उपलब्ध गराईएको हुँदा उपलब्ध गराएको राहात सामाग्रीको समर्थन तथा राहात लिन बाँकी घर परिवारमा राहात उपलब्ध गराउने निर्णय गरियो।

**खाध्यान्न सामाग्री तथा लता कपडा (प्रति परिवार)**

चामल – २५ के जी
तेल – १ लिटर
नुन - १ केजी
दाल- १ के जी
कम्मल- १थान
त्रिपाल -१ थान

CamScanner

आवासको लागि जस्ता पाता

- वडा नं १ बंशिलाको ३ घर परिवारको लागि ( प्रति परिवार) – ३ बण्डल रंगिन टिन र ३ के जी काँटी
- वडा नं १ बंशिलाको ५ घर परिवारको लागि ( प्रति परिवार) – २ बण्डल रंगिन टिन र २ के जी काँटी
- वडा नं ८ चमेरेका २ घर परिवारको लागि ( प्रति परिवार) – २ बण्डल रंगिन टिन र २ के जी काँटी
- वडा नं ८ वाईतुङ १ घर परिवारको लागि ( प्रति परिवार) – ३ बण्डल रंगिन टिन र ३ के जी काँटी

उक्त खाद्यान्न सामानहरु तथा जस्ता पाता स्थानिय बजारबाट खरिद भएको र सो खरिद भएको सामानहरुको भुक्तानी प्राविधिक मुल्याङ्कन तथा बजार मुल्य अनुसार चालु आ.व. मा विनियोजित **विपद व्यबस्थापन तथा विपद आर्थिक सहायता** बाट गर्ने सर्बसम्मत निर्णय गरियो ।

४. घ बर्गको इजाजत पत्र सम्बन्धमा ।

यस न.पा. को' घ ' वर्गको निर्माण इजाजत प्रमाणपत्र दिने कार्यबिधि, २०७५ को दफा २ बमोजिम प्रक्रिया पुरा गरि निर्माण इजाजतको लागि निबेदन पेस गर्ने तपसिलका फर्मलाई निर्माण प्रमाणपत्र दिने निर्णय गरियो।

तपसिल:

क) बसाहा निर्माण सेवाचौदण्डीगढी न.पा.– ४ प्रो. ज्ञान बहादुर श्रेष्ठ

५. नम्वरी/ निजी जग्गाको IEE स्वीकृत सम्वन्धमा ।

श्री इम्यजिनेटिभ इन्जिनियरिंग सोलुसन प्रा.लि. बेलाका- ५ले तयार पारेको चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र रहेको नम्बरी जग्गा धनिहरुको बिवरण स्थानीय सरकार संचालन ऐनको दफा ६२ र वातावरण संरक्षण नियमावली २०७७ को दफा ५ को उपदफा १ र यस नगरपालिकाको कार्यविधि २०७७ बमोजिमको खण्ड ख अन्तर्गत पर्ने अनुसूची -७ मा आधारित पेस हुन् आएको वातावरणीय अध्ययन प्रतिबेदन (Initial Environmental Examination-IEE) स्वीकृत गर्ने निर्णय गरियो I

तपसिल :

**तालिका १ : प्रस्तावित जग्गाहरुकोवातावरणीय अध्ययनप्रतिबेदन बिवरण**

**लिम्माछित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**

तालिका : उत्खनन/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | जमिनको क्षेत्रफल ( मि² ) | उत्खनन् गरिने जमिनकोक्षेत्र फल – कुल जमिनको ७५ %(मि²) | गहिराई ( मि ) | मौजुदा परिमाण/वर्ष ( घ.मि.) | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको२०% ( घ.मि. ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | बागी मान राई | ६ण १३ | ३३-१०-३ | (ज.रो.) | १७१२९.६१ | १३७०३.६९ | १.२५ | १७१२९.६१ | ४२८२.४० |
| २ | ८ | बागी मान राई | ६ण १६ | ३-१४-३-३ | (ज.रो.) | २००१.१८ | १६००.९४ | १.२५ | २००१.१८ | ५००.३० |
| ३ | ८ | बागी मान राई | ६ण १७ | ८-१०-०-१ | (ज.रो.) | ४३८९.७५ | ३५११.८ | १.२५ | ४३८९.७५ | १०९७.४४ |
| | | | | | | | | | जम्मा जमिनको परिणाम ( मि²) | २३५२०.४० |

CamScanner

| | |
|---|---|
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | ५८८०.१४ |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | २१.३८ |
| जग्गा उत्खनन् सिफारिस गरिएको गिट्टीको परिणाम ( क्यू.मि. ), कुल परिणामको १०० % | २१.३८ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | २,०७,६५५.०१ |

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको ७५% ( घ.मि. ) | उत्खनन/सङ्कलन आयतन ( खण्ड क ) | उत्खनन/सङ्कलन आयतन ( खण्ड ख ) | उत्खनन/सङ्कलन आयतन ( खण्ड ग ) |
|---|---|---|---|---|---|---|---|
| १ | ८ | बागी मान राई | ६ण १३ | ४२८२.४० | १४२७.४७ | १४२७.४७ | १४२७.४७ |
| २ | ८ | बागी मान राई | ६ण १६ | ५००.३० | १६६.७७ | १६६.७७ | १६६.७७ |
| ३ | ८ | बागी मान राई | ६ण १७ | १०९७.४४ | ३६५.८१ | ३६५.८१ | ३६५.८१ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ५८८०.१४घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण २१.३८ घनमिटर रहेको छ ।

२.७ संकलन/उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण५८८०.१४ घनमिटर गिट्टीकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ । माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानून बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

**तालिका १ : प्रस्तावित जग्गाहरुकोवातावरणीय अध्ययनप्रतिबेदन बिवरण**

**साङ्गेछलिङ कन्स्ट्रक्सन प्रा.लि.**

तालिका : उत्खनन/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | जमिनको क्षेत्रफल ( मि$^2$) | उत्खनन् गरिने जमिनकोक्षेत्र फल – कुल जमिनको ७५ %(मि$^2$) | गहिराई ( मि ) | मौजुदा परिमाण/वर्ष ( घ.मि.) | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको२०% ( घ.मि. ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | कविता राई | ३ख २४ | ०-११-१३ | (ज.वि.) | ३९४०.०१ | ३१५२.०१ | १.०० | ३१५२.०१ | ७८८.०० |
| २ | ४ | षडानन्द खनाल | २क १६९ | ०-४-८ | (ज.वि.) | १४८९.९६ | ११९१.९७ | १.०० | ११९१.९७ | २९७.९९ |
| ३ | ४ | डीक बहादुर मगर | १ख ११५ | ०-१५-३.५ | (ज.वि.) | ५१३८.७१ | ४११०.९६ | १.०० | ४११०.९६ | १०२७.७४ |

| | |
|---|---|
| जम्मा जमिनको परिणाम ( मि$^2$) | १०५६८.६७ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | २११३.७३ |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | ७.६९ |
| जग्गा उत्खनन् सिफारिस गरिएको गिट्टीको परिणाम ( क्यू.मि. ), कुल परिणामको १०० % | २११३.७३ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | ७४६४५.८४ |

CamScanner

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको ७५% ( घ.मि. ) | उत्खनन/सङ्कलन आयतन ( खण्ड क ) | उत्खनन/सङ्कलन आयतन ( खण्ड ख ) | उत्खनन/सङ्कलन आयतन ( खण्ड ग ) |
|---|---|---|---|---|---|---|---|
| १<br>२<br>३ | ३<br>४<br>४ | कविता राई<br>षडानन्द खनाल<br>डीक बहादुर मगर | ३ख २४<br>२क १६९<br>१ख ११५ | २११३.७३ | ७०४.५८ | ७०४.५८ | ७०४.५८ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २११३.७३घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ७.६९ घनमिटर रहेको छ ।

२.७ संकलन/उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण२११३.७३घनमिटर गिट्टीकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ । माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानून बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

६. विपत पिडित (घरमा आगलागी) लाई आर्थिक सहायता सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत चौ. न. पा. -१ रानीटार निबासी विकास मगरको घरमा मिति २०८१।०६।१०.गते आगलागी भई घरको पुर्ण क्षती भएको र विपत जन्य घटनाको प्रहरी सर्जमिन सहित चौ. न. पा. -१ वडा कार्यालयबाट आर्थिक सहायताको लागि आएको हुँदा साथै यस नगरपालिका अन्तर्गत चौ. न. पा. -१० हडिया बस्ने सुस्मिता चौधरीको घरमा मिति २०८१।०५।२९ गते आगलागी भई अन्नपात, लताकपडा र जिन्सी सामानहरु जलेकोले विपत जन्य घटनाको प्रहरी सर्जमिन सहित चौ. न. पा. -१० नं. वडा कार्यालयबाट आर्थिक सहायताको लागि आएको हुँदा तपशिलका आगलागी पिडितहरुलाई तपशिल बमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउने र उक्त भुक्तानी चालु आ.व. मा विनियोजित विपद व्यबस्थापन तथा विपद आर्थिक सहायता बाट गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपशिलः

| क्र. सं | आगलागी विपत पिडितको नाम, ठेगाना | रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | विकास मगर , चौ. न. पा.-१ | १,००,०००।- | घरको पुर्ण क्षती |
| २ | सुस्मिता चौधरी, चौ. न. पा. १० | २००००।- | अन्नपात, लताकपडा, जिन्सी सामानको क्षती |

CS CamScanner

७. खानेपानी व्यवस्थापन सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत चौ. न. पा. २ नं वडा गंगटे चालिसे खानेपानी पाइप विस्तार, चौ.न. पा ३ नं. वडा कुसुमचौरी खानेपानी विस्तार र चौ. न. पा.-८ सिद्दीपुर टोल अन्तर्गत सिद्दीपुर डाँडामा राजधारा होगोगो लिफ्टसिस्टमबाट चौदण्डीगढी नगरपालिकाले खानेपानी व्यवस्थापन गरेको र ७ घर धुरीलाई खानेपानी पाएको हुँदा सामाल टोल, सिमाटोल, दलित टोल, ढोडेनी टोलमा खानेपानी व्यवस्थापन गर्न पाईपको आवश्यक रहेकोले आवश्यक बजेटको माग गरी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा खानेपानी व्यवस्थापन गर्न अति आवश्यक रहेरकोले उक्त स्थानहरुमा खानेपानी व्यवस्थापनको लागि प्राविधिक मुल्याङ्कन अनुसार तपशिल बमोजिम रकम यस नगरपालिकाको विनियोजित बजेट शिर्षक **ह्युमपाईप प्लाष्टिक पाइप खानेपानीका लागि विभिन्न साइजका पाइपहरु** बाट उपलब्ध गराउने सर्बसम्मत निर्णय गरियो । साथै अपुग रकम नगरपालिकाको आ. व. २०८१/०८२ को हिउँदे अधिवेशनबाट व्यबस्थापन गर्ने निर्णय गरियो ।

१. गंगटे चालिसे खानेपानी पाइप विस्तार, चौ. न. पा.-२ रु. ५४१०००।-
२. कुसुमचौरी खानेपानी विस्तार, चौ. न. पा.-३ रु. ६५१०००।-
३. सिद्दिपुर खानेपानी विस्तार, चौ. न. पा.-८ रू.७८९०००।-

८) त्रियुगा नदीमा होम पाईप लगाई ग्राभेल गर्ने सम्बन्धमा ।

चौ. न. पा. वडा नं ५, नं. वडा अन्तर्गत पर्ने बेली सिवाई जोड्ने त्रियुगा नदीमा र चौ. न. पा. वडा नं ९ नं. वडा अन्तर्गत पर्ने ज्यामिरे हडिया जोड्ने त्रियुगा नदीमा होम पाईप लगाई ग्राभेल गरी सेवा दिदै आएकोमा विगत बर्षहरुमा झै यस बर्षमा पनि उक्त वडामा आवत जावत गर्ने मानिसहरुको सहजताका लागि तपशिल बमोजिम त्रियुगा नदीमा होम पाईप लगाई ग्राभेल गर्ने र उक्त भुक्तानी कार्य सम्पन्न भएपछी प्राविधिक मुल्याङ्कन अनुसार चालु आ.व. मा नगरपालिकाको विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट उपलब्ध गराउने सर्बसम्मत निर्णय गरियो ।

तपशिलः

१. त्रियुगा नदीमा होम पाईप लगाई ग्राभेल चौ. न. पा. -५
२. त्रियुगा नदीमा होम पाईप लगाई ग्राभेल चौ. न. पा. -९

९. विविध

क) मौलो पुजा खर्च सम्बन्धमा ।

नेपालीहरुको महान पर्व विजया दशमीको उपलक्ष्यमा सुरक्षा निकायहरुले मौलो पुजा गर्ने गरेको र २०८१ सालको विजया दशमिको अवसरमा मौलो पुजाको लागि स्थानिय सुरक्षा निकायहरुबाट आर्थिक सहयोग माग भई आएको हुँदा यस नगरपालिकाको चालु आ. व. को लागि विनियोजित बजेट शिर्षक **जातिय चाडपर्ब**

CamScanner

**धर्मसंस्कृती संरक्षण कार्यक्रम** बाट तपशिल बमोजिम रकम तपशिल अनुसारको मौलो पुजा गर्न उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

तपशिलः

१. श्री इलाका प्रहरी कार्यालय, बेल्टार रू.३००००।

२. सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस, बेल्टार रु.३००००।–

३. श्री कारागार कार्यालय उदयपुर रु. २५०००।-

४. इलाका प्रहरी कार्यालय, सुन्दरपुर रु.१००००।-

५. श्री प्रहरी चौकी, बसाहा रु. १००००।-

६. श्री प्रहरी चौकी, हडिया रू. १००००।-

७. श्री ट्राफिक पोष्ट, बेल्टार रु. १००००।-

ख) बाटो मर्मत र सिंचाई कुलो मर्मत सम्बन्धमा।

चौ. न. पा. ८ नं वडा कार्यालयबाट वडा नं. -८ मा रहेको पण्डित खारखोला देखि सिम्ले गाउँ हुदै बाघखोर भञ्ज्याङ सम्मको मोटर बाटो बिग्रिएको हुँदा मर्मत संभार गरी गाडी सञ्चालन गर्न तथा बेल्टार देखि विरेन्द्र बजारसम्मको बाटो खाल्टा खुल्टी भएकोले गिटी लगाउन आवश्यक रकम उपलब्ध गराउन माग भई चौ. न. पा. -८ वडा कार्यालयबाट सिफारिस सहित आएको छ। साथै चौ. न. पा. १ नं वडा कार्यालयबाट बंशिला र रानीटार जाने बाटो, खाल्टा खुल्टी भएकोर पहिरो आई बाटो छोपिएको हुँदा बाटो खुलाउन जे सि वी लगाउन आवश्यक रकम उपलब्ध गराउन माग भई आएको छ। त्यसैगरी चौदन्डीगढी नगरपालिका वडा नं २ स्थित लामाखोला भिमसेन डाँडा सिंचाई योजनाको कुलो आ. व. २०८०/०८१ मा संचालन भई काम समेत सम्पन्न भैसकेकोमा २०८१ सालमा परेको अविरल वर्षाको कारणले लामाखोलामा आएको बाढिले उक्त सिंचाई कुलो भत्काइ लगेको हुँदा कुलो मर्मत संभारको लागि वडा नं २ कार्यालयबाट तारजाली र जे सि वी को उपलब्ध गराउन सिफारिस भई आएको हुँदा सम्बन्धित वडा कार्यालयहरु र लामाखोला भिमसेन डाँडा सिंचाई योजना उपभोक्ता समितिले उक्त कामहरु गर्ने गराउने र उक्त कार्यको भुक्तानी प्राविधिक मुल्याङ्कन अनुसार तपशिल बमोजिम नगरपालिकाको विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट हुने निर्णय गरियो।

तपशिल

| क्र. सं. | योजनाको नाम | जे सी वी प्रयोग घण्टा | कैफियत |
|---|---|---|---|
| १ | सुगाचरी, कटरबोटे, रानीटार बाटो चौ. न. पा. १ | ५६ घण्टा | साउन पहिलो हप्ता |
| | सुगाचरी, बंशिला बाटो चौ. न.पा. १ | २३.४ घण्टा | साउन पहिलो हप्ता |

CamScanner

| | | | |
|---|---|---|---|
| | छुइला बंशिला बाटो चौ. न. पा. १ | २८ घण्टा | असोज १५ गते प्रयोग |
| २ | पण्डित खारखोला देखि सिम्ले गाउँ हुदै बाघखोर भञ्ज्याङ चौ. न. पा सिमाना सम्म चौ. न. पा. ८ | २६.३ घण्टा | असोज पहिलो हप्ता |
| ३ | कुलो सरसफाई तथा मर्मत चौ. न. पा. -४ | १५ घण्टा | भदौ पहिलो हप्ता |
| ४ | लामाखोला भिमसेन डाँडा सिंचाई योजना चौ. न. पा. २ | बढीमा १५ घण्टा जे सी वी | |

ग) चाड पर्वको लागि आर्थिक सहायता सम्बन्धमा।

चौदण्डीगढी नगरपालिका वडा नं ४ बसाहा थानमा मन्दिरमा मिति २०८१।५।२१ गते तिज कार्यक्रम मनाएको हुँदा तिज कार्यक्रम मनाउँदा लागेको खर्च उपलब्ध गराउन साथै चौदण्डीगढी नगरपालिका वडा नं ९ र वडा नं ४ का थारु समुदायका महिलाहरुको महान चाड जितिया पर्व मिति २०८१।०६।९ गतेका दिन सम्बन्धित वडामा थारु समुदाय मिलि मनाएको र उक्त कार्यक्रम गर्दा भएको खर्च उपलब्ध गराउन माग गरी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा तिज र जितिया पर्व मनाउन तपशिल बमोजिम नगरपालिकाको विनियोजित बजेट शिर्षक **जातिय चाडपर्व, धर्मसंस्कृती संरक्षण कार्यक्रम** बाट तपशिल बमोजिमको रकम आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

| क्र. सं. | माग गर्ने समुह र ठेगाना | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १ | बसाहा थान मन्दिर समिति चौ. न. पा. -४ | २००००।- | |
| २ | थारु संस्कृती संरक्षण संघ नेपाल चौ. न. पा.-९ | २००००।- | |
| ३ | चौधरी टोल विकास संस्था चौ. न. पा. -४ | २००००।- | |

घ) चौ. न. पा. -७ दुर्गा मन्दिर रंगरोगनको लागि आर्थिक सहायता सम्बन्धमा।

चौदण्डीगढी नगरपालिका वडा नं ७ अन्तर्गत दुर्गा भगवती सेवा सदन दुर्गा मन्दिर परिसरमा काली मन्दिरको स्थापना भई मुर्ती समेत स्थापना भैसकेको हुँदा उक्त मन्दिरमा रंग रोगन, विजुली वाईरिङ र पुजा पाठ गर्ने समेतको लागि आवश्यक रकम आर्थिक सहायता उपलब्ध गराउन माग भई आएको हुँदा मन्दिरमा रंग रोगन, विजुली वाईरिङ कार्यको लागि रु. ४००००।– उपलब्ध गराउने र उक्त भुक्तानी नगरपालिकाको विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट हुने निर्णय गरियो।

CamScanner

ङ) अस्थाई डम्पिङ साईट चौ. न. पा. ६ निर्माण सम्बन्धमा ।

चौदन्डीगढी नगरपालिका वडा नं. ६ को कार्यालयबाट वडा नं. ६ को फोहोर व्यबस्थापन गर्नको लागि मिति २०८१।०७।०३ गते सर्व दलिय बैठक बसी आँप खँहरे सामुदायिक वन उपभोक्ता समिति समुहको चुरे पानी ढल मुनी आँप खहरे खोला पारी कुनै पनि रुख विरुवालाई हानी नोक्सान नहुने गरी बुट्यान क्षेत्र भित्र अन्दाजी ०-५-० (पाँच कठ्ठा) क्षेत्रफलमा फोहोर व्यबस्थापनको लागि स्थान तोकी उक्त क्षेत्र घेराबेरा लगायतको व्यवस्थापन गर्न बजेट उपलब्ध गराउन माग भई आएकोले अस्थाई डम्पिङ साईट चौ. न. पा. ६ निर्माण गर्न नगरपालिकाको विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट कार्य सम्पन्न पश्चात प्राविधिक मुल्याङ्कन अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

च) विज्ञापन कर सम्बन्धमा ।

यस नगरपालिकाको कार्यालयबाट आ.व.२०८१।८२ का लागि विज्ञापन कर सम्वन्धी कर संकलनका लागि मिति २०८१।०२।२१ गते प्रथम पटक, मिति २०८१।०४।०७ गते दोस्रो पटक र मिति २०८१।०५।२४ गते तेस्रो पटक प्रकाशित सूचना अनुसार तोकीएको ठेक्का कवोल अंकमा ठेक्का नलागेको हुँदा तोकिएको कवोल अंक घटाई तपसिल बमोजिमको शिलबन्दी दरभाउपत्र पुनः प्रकाशित गर्ने भनि निर्णय गरियो ।

तपसिल :-

**शिलबन्दी दरभाउपत्र नं ०/२०८१/०८२**

| सि. नं | आय संकलन बिवरण | आ.व.२०८१/०८२ को स्वीकृत दररेट | न्युनतम कबोल अंकमु.अ.कर. वाहेक | कैफियत |
|---|---|---|---|---|
| १ | होडिंगबोर्ड | प्रति बर्ग फिट रु.६०/- | रु. ८०,०००/(अक्षरूपीअसी हजारमात्र ) | नगर क्षेत्र भित्र |
| २ | डीपिएस बोर्ड | प्रति वर्ग फिट रु.५०/- | | |
| ३. | ग्लो साइबोर्ड | प्रति वर्ग फिट रु.६०/- | | |
| ४. | भित्तेलेखन | प्रति वर्ग फिट रु.२०/- | धरौटी रकम कबोल अंकको ५% नघटाई | |
| ५. | तुलब्यानर | प्रति गोटा रु.१००/- | | |
| ६. | अन्य **लेखनमा** | प्रति वर्ग फिट रु.२०/- | | |

छ) अपाङ्गता परिचय पत्र वितरण समन्वय समिति पुनर्गठन सम्वन्धमा ।

चौदण्डीगढी नगरपालिका अपाङ्गता भएका व्यक्तीहरुको परिचयपत्र वितरण निर्देशिका २०७५ बमोजिम यस नगरपालिकाबाट मिति २०७९।०३।१३ गते अपाङ्गता परिचयपत्र वितरण समन्वय समिति गठन

गरिएकोमा उक्त समितिको म्याद २ बर्ष रहेकोले पुनः उक्त समितिको पुनर्गठन गर्नुपर्ने भएकोले तपशिल बमोजिम **अपाङ्गता परिचयपत्र वितरण समन्वय समिति** गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र. सं. | पद | नाम थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | नगर उप प्रमुख | श्री मणिका देवी दुलाल | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | श्री जित बहादुर श्रेष्ठ | सदस्य |
| ३ | सामाजिक विकास समिति संयोजक | श्री धर्मेन्द्र खड्का | सदस्य |
| ४ | कार्यपालिका महिला सदस्य | श्री सुष्मा राई | सदस्य |
| ५ | मा. वि. प्र. अ. हरु मध्येबाट | श्री कुमार खड्का | सदस्य |
| ६ | अस्पतालको चिकित्सक | श्री अमृत कर्ण | सदस्य |
| ७ | स्थानीय प्रहरी प्रमुख | श्री (इलाका प्रहरी कार्यालय, बेल्टार ) | सदस्य |
| ८ | अपाङ्गता क्षेत्रमा कार्यरत संघ संस्थाको प्रतिनिधि | श्री श्याम कार्की | सदस्य |
| ९ | अपाङ्गता भएका व्यक्तीहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको १ महिला सहित ३ जना . | श्री नारायण विष्ट<br>श्री पुरुषोतम अधिकारी<br>श्री दुर्गा कुमारी पौडेल | सदस्य<br>सदस्य<br>सदस्य |
| १० | नगरपालिकाले तोकेको कर्मचारी स्वास्थ्य शाखा प्रमुख | श्री श्रीकान्त चौधरी | सदस्य |
| ११ | महिला वालबालिका शाखा प्रमुख | श्री एञ्जेला ढकाल | सदस्य सचिव |

ज) नगर अस्पतालमा मृतक परिवारको माग सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका स्थित बेल्टारमा रहेको आधारभुत नगर अस्पतालमा उपचार पश्चात थप उपचारको लागि रेफर गरिएको अवस्थामा चौदण्डीगढी नगरपालिका वडा नं. ४ निवासी दिल बहादुर मगरको मिति २०८१।०७।०७ गतेका दिन असामायिक निधन भएकोमा मृतक दिल बहादुर मगर प्रती चौदण्डीगढी नगरपालिका भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ । अकल्पनिय दुःखद घटनामा मृतकको परिवारलाई सान्तवना दिन नगर प्रमुख कालुमान लामा नगर अस्पतालमा उपस्थित हुँदा नगर प्रमुख ज्यू माथि दुर्व्यबहार गर्न उत्तेजित गर्ने समूह प्रति चौदण्डीगढी नगरपालिका खेद प्रकट गर्दछ। चौदण्डीगढी नगरपालिका स्थानीय बासिन्दाहरु, जनप्रतिनिधीहरु, पाटिका प्रतिनिधीहरुको सर्बदलीय छलफलबाट निजको घरको आर्थिक अवस्था कमजोर भएको हुँदा काजक्रिया खर्च उपलब्ध गराउन, मृतकका छोराछोरीहरुलाई निशुल्क शिक्षा र परिवारको एक जना सदस्यलाई रोजगारको माग गरी निबेदन प्राप्त भएकोले मृतकको परिवारलाई काजक्रिया खर्च पापत रु. ५००००।- नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **विपन्न नागरिकलाई काज किरिया खर्च**बाट उपलब्ध गराउने र निजका छोराछोरीलाई अध्ययनको लागि आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

CamScanner

झ) सार्वजनिक व्यायमशाला भवन निर्माण तथा सामाग्री खरिद वडा नं ४ र ६ को रकम सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकाबाट चालु आ. व. २०८१/ २०८२ मा सार्वजनिक व्यायमशाला भवन निर्माण तथा सामाग्री खरिद वडा नं ४ र ६ शिर्षकमा रु १० लाख रकम विनियोजन भएकोमा तपशिल बमोजिम रकम बाँडफाड गरी कार्य गर्ने निर्णय गरियो।

तपशिलः

सार्वजनिक व्यामशाला भवन निर्माण तथा सामाग्री खरिद वडा नं ४ रु. ५०००००।-

सार्वजनिक व्यामशाला भवन निर्माण तथा सामाग्री खरिद वडा नं ६ रु. ५०००००।-

ञ) चौ. न. पा. -३ हर्क राईको घर अगाडि कल्भर्ट, बाटो ग्राभेल सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका वडा नं. ३ हर्क बहादुर राईको घर अगाडी कुलोमा कल्भर्ट निर्माण बाटो ग्राभेल गर्न तथा उक्त क्षेत्रमा बाँसका पोल बनाई विद्युत प्रयोग भईरहेको हुँदा योजना उपलब्ध गराउन चौ. न. पा. -३ नं वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त कार्य गर्नको लागि नगरपालिकाको विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट रु ७१००० उपलब्ध गराउने निर्णय गरियो ।

ट) भिमसेन थान मन्दिर मर्मत सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका वडा नं. ६ मा नेवार समाज द्वारा निर्माणाधिन भिमशिन थान मन्दिर अधुरो रहेकोले मन्दिरमा जस्ता लगाउन तथा अन्य अधुरा बाँकी काम निर्माण कार्यको लागि चौ. न. पा. ६ नं वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त कार्य गर्नको लागि नगरपालिकाको विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट रु ५००००।- उपलब्ध गराउने निर्णय गरियो ।

ठ) जस्तापाता उपलब्ध गराउने सम्बन्धमा ।

चौ. न. पा. १० निवासी सिता कुमारी खत्रीले २०८१ सालको जेष्ठ महिनामा आएको हावाहुरीले घरको छाना उडाएको साथै श्रीमानले पनि नहेरेको हुँदा हालसम्म पनि छाना छाउन नसकेको र घर घेराबेरा तथा छाना छाउन जस्ता पाता उपलब्ध गराईपाउँ भनी यस नगरपालिकामा निबेदन प्राप्त भई मिति २०८१।०२।११को कार्यपालिकाको बैठकले २ बण्डल जस्ता उपलब्ध गराउने निर्णय भएता पनि विविध कारणले निजलाई जस्ता पाता उपलब्ध गराउन नसकिएकोले छाना छाउन तथा घेराबेराको लागि २ बण्डल टिन (०.२९ एम. एम.) को उपलब्ध गराउने र सो को भुक्तानी भुक्तानी चालु आ.व. मा विनियोजित **विपद व्यबस्थापन तथा विपद आर्थिक सहायता** बाट गर्ने सर्बसम्मत निर्णय गरियो ।

CamScanner

ड) चौ. न. पा.वडा नं. ६ मा रहेको व्यामशाला सम्बन्धमा ।

चौदन्डीगढी नगरपालिका वडा नं ६ स्थित मदन भण्डारी राजमार्गको उत्तर, द्वारखोला बाँध भन्दा पश्चिम, सशस्त्र बेस क्याम्पको पुर्वमा रहेको समाबेसी तालिम केन्द्र परिसरमा रहेको सार्वजनिक जग्गा व्यामशाला निर्माणका लागि आवश्यक कार्य गर्न उपलब्ध गराउने निर्णय गरियो ।